नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्

राष्ट्रिय मानव अधिकार आयोग

unicef
for every child

Government of Nepal
Ministry of Women, Children and Senior Citizens
National Child Rights Council

National Human Rights Commission

unicef
for every child

# बाल अधिकारको संरक्षणका लागि
# निर्वाचनअघि, निर्वाचनको बेला र निर्वाचन पछि गर्न हुने र गर्न नहुने विषयहरु

## बालबालिकाले

### गर्न हुने

- आफ्नो देश र हालको अवस्थाबारे जानकारी राख्ने ।
- आफू असुरक्षित महसुस हुने कुनै पनि गतिविधि देखेमा वा भोगेमा आफ्नो नजिकको अभिभावकलाई जानकारी दिने वा नि:शुल्क बाल हेल्पलाइन नम्बर १०९८ (दश नौ आठ) मा सम्पर्क गर्ने ।
- निर्वाचनको दिनमा घरमा नै बस्ने ।
- निर्वाचन अवधिमा आफू शान्त रहने र साथीहरूलाई पनि संयमित रहन, झैझगडा तथा विवादबाट टाढा बस्न प्रेरित गर्ने ।

### गर्न नहुने

- राजनीतिक र्‍याली, सभा, जुलुस वा प्रचार-प्रसारका गतिविधि तथा क्रियाकलापमा सहभागी हुने।
- अविश्वसनीय सूचना, जानकारी वा भ्रामक सामग्रीहरु प्रचार-प्रसार गर्ने।
- राजनीतिक उद्देश्यका लागि प्रदान गरिने पैसा, उपहार वा अन्य कुनै पनि सुविधा वा लाभ लिने ।
- राजनीतिक दलसँग सम्बन्धित गतिविधिका लागि विद्यालय नजाने वा पढाइलाई बेवास्ता गर्ने ।
- मानसिक रुपमा हानी पुर्‍याउने किसिमका निर्वाचनसम्बन्धी हिंसात्मक वा डर सृजना गर्ने भिडियो सामग्री हेर्ने ।
- राजनीतिक दलको सन्देश भएका टोपी, टिसर्ट लगायतका कपडाहरु लगाउने तथा राजनीतिक दलको झण्डा, ब्यानर वा पम्पलेटहरू बोक्ने वा प्रयोग गर्ने ।
- निर्वाचनको अवधिमा राजनीतिक जुलुस, भेला तथा भिडभाडमा जाने, हिंसा, झगडा वा राजनीतिक र्‍याली जस्ता गतिविधिमा संलग्न हुने ।

# DOs and DON'Ts

Before, During and Immediately after Nepal's Elections

## Children

### Do

- Understand your country and its current situation.
- Report anything that makes you feel unsafe to a trusted guardian or call 1098, the Child Helpline, for free.
- Stay at home on election day.
- Promote peace and encourage your friends to stay calm and avoid trouble during the election period.

### Don't

- Join rallies or political campaigns.
- Share information that you do not trust.
- Accept money or gifts for political purpose.
- Skip school or neglect your education for election activities.
- Watch violent or scary videos about elections because they can harm you.
- Wear T-shirts and other forms of clothing with political party messages, carry banners, flyers or political party flags.
- Go near crowds, participate in rallies, violence and fights during elections.

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्

राष्ट्रिय मानव अधिकार आयोग

unicef for every child

Government of Nepal
Ministry of Women, Children and Senior Citizens
National Child Rights Council

National Human Rights Commission

unicef for every child

# बाल अधिकारको संरक्षणका लागि निर्वाचनअघि, निर्वाचनको बेला र निर्वाचन पछि गर्न हुने र गर्न नहुने विषयहरू

## राजनीतिक दलहरूले

### गर्न हुने

- बाल अधिकारको संरक्षण गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन तथा निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्ने ।
- बालबालिकाको शिक्षा सम्बन्धी अधिकारको सम्मान गर्दै, विद्यालय सञ्चालन हुने वातावरण सुनिश्चित गर्ने ।
- पार्टीको घोषणापत्र तथा प्रतिबद्धतामा बाल अधिकारलाई प्राथमिकताका साथ समावेश गर्ने ।
- शान्त, मर्यादित र सम्मानजनक प्रचार-प्रसार अभियान सञ्चालन गर्ने, शिष्ट र मर्यादित भाषा प्रयोग गर्ने तथा एकता र सह-अस्तित्वको भावना सहितको सन्देश प्रवाह गर्ने ।
- राजनीतिक अभियानमा संलग्न कार्यकर्ता, प्रतिनिधिलाई बाल अधिकार र निर्वाचन आचारसंहिताबारे सचेत गराउने ।
- निर्वाचनसँग सम्बन्धित निकाय तथा मानव अधिकार संस्थाहरूसँग समन्वय गरी बाल संरक्षण सम्बन्धी स्पष्ट मापदण्ड तयार गरी लागु गर्ने ।
- सबै अवस्थामा बालबालिकाको सुरक्षा र संरक्षण सुनिश्चित गर्ने ।

### गर्न नहुने

- बालबालिकालाई भौतिक, अनलाइन वा कुनै पनि माध्यमबाट राजनीतिक गतिविधि वा प्रचार-प्रसारका लागि स्वयंसेवकका रूपमा प्रयोग गर्ने।
- बाल मनोविज्ञानमा नकारात्मक असर पार्न सक्ने घृणात्मक अभिव्यक्ति, अपमानजनक भाषा वा हिंसा भड्काउने गतिविधिहरू गर्ने ।
- अभिभावकलाई बालबालिका सहित राजनीतिक गतिविधिमा सहभागी हुन प्रोत्साहन वा दबाब सिर्जना गर्ने ।
- विद्यालयमा राजनीतिक सभा वा कार्यक्रम गर्ने ।
- विद्यालय नजिक बालबालिकाको पढाई प्रभावित हुने गरी सभा वा कार्यक्रम गर्ने ।

# DOs and DON'Ts

Before, During and Immediately after Nepal's Elections

## Political Parties

### Do

- Follow the national and international laws that protect the rights of children.
- Respect children's right to education.
- Prioritize including children's rights in parties' manifestos and campaign promises.
- Practice peaceful, respectful and dignified campaigning; use calm and respectful language, promote unity and coexistence.
- Sensitize your campaign staffs, volunteers and representatives on children's rights and election code of conduct.
- Work with election related bodies and human rights institutions to agree on clear rules for safeguarding children.
- Ensure security and safety of children at all times.

### Don't

- Use children as volunteers in physical, online or any other medium for political activities.
- Use hate speech, insults or incite violence that could upset or manipulate child psychology.
- Encourage and enforce parents/ guardians to bring children to participate in political activities.
- Organize mass meetings or programmes near schools, affecting children's education.
- Hold political gatherings and events in schools.

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्

राष्ट्रिय मानव अधिकार आयोग

unicef
for every child

Government of Nepal
Ministry of Women, Children and Senior Citizens
National Child Rights Council

National Human Rights Commission

unicef
for every child

# बाल अधिकारको संरक्षणका लागि
# निर्वाचनअघि, निर्वाचनको बेला र निर्वाचन पछि गर्न हुने र गर्न नहुने विषयहरू

## सञ्चारमाध्यमहरूले

### गर्न हुने

बालबालिका सम्बन्धी समाचार प्रकाशन गर्दा पत्रकारिता तथा बालमैत्री आचारसंहिताको पालना गर्ने तथा उनीहरूको गोपनीयता, मर्यादा र सम्मानको संरक्षण गर्ने ।

बालबालिकाको सुरक्षा र संरक्षण पहिलो प्राथमिकता हो भन्ने सन्देश सर्वसाधारण, अभिभावक र बालबालिकामा निरन्तर प्रवाह गर्ने ।

सहयोग तथा उजुरी सम्बन्धी सेवाबारे जानकारी दिने र निर्वाचन आयोगले तोकेका टोल फ्रि नम्बर तथा हटलाइन नम्बरहरू एवम् बाल हेल्पलाइन नम्बर १०९८ र १०४ लगायतका नि:शुल्क नम्बरहरू जानकारीका लागि प्रसारण गर्ने ।

समाचार सामग्रीमा बाल अधिकार र सुरक्षाका विषयलाई प्राथमिकताका साथ उठाउने ।

### गर्न नहुने

बालबालिका र परिवारलाई हानी पुर्‍याउन सक्ने घृणात्मक भाषा, उत्तेजक सामग्री वा पुष्टि नभएका भ्रामक सूचना प्रकाशन, प्रसारण गर्ने ।

बालबालिकालाई हानि पुर्‍याउने गरी पहिचान खुल्ने फोटो, भिडियो वा व्यक्तिगत विवरण प्रकाशन गर्ने ।

निर्वाचन वा राजनीतिक अभियानका लागि बालबालिकाले विद्यालय छोडेका समाचार हरुलाई प्रशंसाका साथ प्रसारण गर्ने ।

सनसनीपुर्ण खोज समाचारका लागि बालबालिकाको शोषण गर्ने, उनीहरूको पीडा, डर वा असहज अवस्थाको प्रयोग गर्ने ।

# DOs and DON'Ts

Before, During and Immediately after Nepal's Elections

## Media

### Do

Follow ethical guidelines for reporting on minors; protect children's privacy and dignity in your storytelling.

Remind public, parents and children that children's safety comes first; encourage children to stay safe during campaigns, and during the election period.

Inform the public about support and reporting services; broadcast the toll-free numbers/hotlines that the Election Commission of Nepal has provided, Child Helplines 1098 and 104.

Highlight and prioritize children's rights and safety in your reporting.

### Don't

Promote hate speech, insulting and inciting content, or unverified rumors that could harm children and families.

Publish children's images or personal details that could expose them to harm.

Glorify children skipping school for election and campaign purposes or any other connected activities.

Exploit children for sensational news; avoid showing children in distressing or inappropriate situations.

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्

राष्ट्रिय मानव अधिकार आयोग

unicef
for every child

Government of Nepal
Ministry of Women, Children and Senior Citizens
National Child Rights Council

National Human Rights Commission

unicef
for every child

# बाल अधिकारको संरक्षणका लागि निर्वाचनअघि, निर्वाचनको बेला र निर्वाचन पछि गर्न हुने र गर्न नहुने विषयहरू

# DOs and DON'Ts

Before, During and Immediately after Nepal's Elections

## बाबुआमाले

### गर्न हुने

- निर्वाचन अभियानका बेला बालबालिकालाई घर वा विद्यालयमा सुरक्षित राख्ने र उनीहरूका गतिविधिमा निगरानी राख्ने ।
- निर्वाचनको समयमा बालबालिकालाई पढाई र परीक्षामा ध्यान केन्द्रित गर्न प्रोत्साहित गर्ने।
- आफू राजनीतिक गतिविधिमा संलग्न हुँदा बालबालिकाको रेखदेखकालागि विश्वासिलो अभिभावकको व्यवस्था गर्ने।
- कुनै बालबालिका जोखिममा परेको वा दुरुपयोग भइरहेको शंका लागेमा आवाज उठाउने र बाल हेल्पलाइन नम्बर १०९८, बालबालिका खोजतलास सेवा नम्बर १०४ वा अन्य सम्बन्धित हेल्पलाइनमा तत्काल जानकारी गराउने ।
- आफ्ना बालबालिकाले अनलाइनमा गर्ने गतिविधिहरूको निगरानी गर्दै उनीहरूलाई अनलाइनमा प्रसारण हुने भ्रामक, घृणात्मक वा उत्तेजनात्मक राजनीतिक सामग्री पहिचान गर्न सहयोग गर्ने ।

### गर्न नहुने

- बालबालिकालाई राजनीतिक गतिविधि वा अभियानमा संलग्न हुन कुनै किसिमको दबाब दिने र बालबालिकालाई राजनीतिक गतिविधिमा संलग्न गराउने ।
- कुनै राजनीतिक व्यक्ति वा कार्यकर्ताले बालबालिकाको शोषण वा दुर्व्यवहार गरिरहेको देखेमा मौन बस्ने ।
- राजनीतिक अभियानका लागि बालबालिकालाई विद्यालय छुटाउन अनुमति दिने ।
- राजनीतिक कार्यक्रममा सहभागी हुन जाँदा बालबालिकालाई एक्लै घरमा छोडेर जाने ।
- बालबालिकालाई राजनीतिक सभा, जुलुस वा भेलामा लैजाने वा पठाउने ।

## Parents

### Do

- Keep children safe at home or in school; monitor their activities during election campaign.
- Encourage children to focus on their studies and exams during the election period.
- Ensure a trusted guardian to supervise children during your absence for political activities.
- Speak up if you suspect a child is being used or harmed; report abuse immediately via the Child Helplines 1098, 104 and other helplines/hotlines established for reporting Code of Conduct violations.
- Supervise your children's online activities and guide them to recognize hateful or misleading political messages.

### Don't

- Tolerate adults who pressure children into campaigns or any form of political activities.
- Stay silent when a politician, party representatives or workers are exploiting or abusing children.
- Allow children to skip school for campaign activities.
- Leave your children unattended when attending political activities.
- Send or take your children to campaign rallies or political gatherings